मितिः २०७८/०६/२२ (8th October, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## कम्प्युटर ह्याकिंग (Computer Hacking) संग सम्बन्धितः

### (१) कम्प्युटर ह्याकिंग (Computer Hacking) के हो?

कम्प्युटर ह्याकिंग (Computer Hacking) भनेको कम्प्युटर वा कम्प्युटरमा आधारित प्रणालीहरु, कार्यक्रम, सूचना वा तथ्याङ्कमा कुनै अख्तियारी नलिई पहुँच प्राप्त गर्नु हो | यसरी ह्याकरले कम्प्युटर ह्याकिंग गरिसकेपछि कम्प्युटर प्रणालीलाई अवरुद्ध गर्ने, डाटाको स्वरूप परिवर्तन गर्ने, नष्ट गर्ने, डाटा विक्री गर्ने लागायतका कार्यहरु गर्न सक्दछ |

### (२) कम्प्युटर ह्याकिंग (Computer Hacking) भएको कसरी थाहा पाउने ?

निम्न बमोजिमको लक्षणहरु देखियो भने कम्प्युटर ह्याक भएको हुन सक्छ :-

१. कम्प्युटरमा कम्प्युटर धनीको जानकारी बिना प्रोग्रामहरु Install भएको देखिएमा | साथै, कम्प्युटर ON गर्ने वितिकै ती प्रोग्रामहरु स्वतः Start हुने र इन्टरनेटसंग Connect गर्न खोजेमा |

२. असामान्य रुपमा कम्प्युटरको Performance घट्ने, CPU/RAM को Usage बढ्ने तथा कम्प्युटर बेला बेलामा नचल्ने (Hang) /स्वत बन्द हुने (Crash) भएमा |

३. अनावश्यक रुपमा वेबसाइटहरुमा Redirect/Visit हुने, विभिन्न सफ्टवेयर आफै Download हुने र बारम्बार Pop up Window आइरहने भएमा |

४. कम्प्युटर धनीको इमेल खाताबाट वा सामाजिक सञ्जाल खाता (Social Media Account) बाट कम्प्युटर धनीको जानकारी विना धेरै इमेल वा सन्देशहरु (Messages) पठाइएको पाइएमा |

५. कम्प्युटर धनीको जानकारी/अनुमति बिना Internet Browser को Home page परिवर्तन भएमा ।

६. Windows Firewall, Antivirus, Task Manager or Registry Editor स्वतः disable भएको पाइएमा ।

७. आफ्नो पासवर्डले काम गर्न छोडेमा ।

८. आफ्नो Password कुनै public domain मा publish भएको पाइएमा ।

९. असव्भाविक रुपमा धेरै Internet bandwidth को खपत भएको पाईएमा र Internet Slow भएमा ।

१०. यदि "You've been hacked" जस्ता Message प्राप्त भयो भने ।

११. आफ्नो इमेल आदिमा फिरौती रकम माग गरी (Ransomware) इमेल सन्देश प्राप्त भएमा ।

१२. Browser मा Unwanted Toolbars हरु देखिएमा ।

**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**Jamal, Kathmandu, Nepal**

**Email: cert@nta.gov.np, Website: www.nta.gov.np**